# गैंडाकोट राजपत्र

खण्ड :०६ संख्या :०३ मिति : २०८०/०९/२६

## भाग □०१

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

### गैंडाकोट नगरपालिको केहि ऐन संशोधन गर्ने ऐन, २०८०

**प्रस्तावना :-** प्रचलित गैंडाकोट ऐनमा समसामयिक सुधार गर्न केहि गैंडाकोट ऐनलाई संशोधन गर्न बाञ्छनीय भएकाले गैंडाकोट नगर सभाले यो ऐन बनाएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम "गैंडाकोट नगरपालिको केहि ऐन संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(ख) यो ऐन गैंडाकोट नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२) **गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा संशोधन** :-

**क) दफा ११ को उपदफा ६ मा संशोधन गरीएको,**

६) सभाको बैठकको निर्णय सभाको कुलपति र सदस्य सचिवले प्रमाणित गरी राख्नेछन्।

**ख) दफा ११ को उपदफा ८ थप गरिएको,**

८) प्रज्ञा सभाको बैठक बस्न जरुरी भएको तर कुलपतिको कार्यव्यस्तताका कारण बैठकमा उपस्थित हुन नसकेको अवस्थामा उपकुलपतिले कुलपति संगको परामर्शमा प्राज्ञ सभा र प्रज्ञा परिषद्को बैठक बोलाउन सक्नेछ।

३) **गैंडाकोट नगरपालिकाको जलस्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ मा संशोधन** :-

**क) दफा १३ पश्चात १३(क) थप गरिएको,**

१३(क) खानेपानी तथा सरसफाई बोर्ड गठन गर्न सक्ने : १) नगर क्षेत्र भित्र रहेका खानेपानी तथा सरसफाई संस्थाहरुलाई एकिकृत रुपमा संचालन गर्न र एकरुपता कायम गरी नियमन गर्न नगर कार्यपालिकाले कार्यविधिमा व्यवस्था गरी एक खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

४) **गैंडाकोट नगरपालिका खेलकुद विकास ऐन, २०७९ मा संशोधन** :-

**क) दफा ३ को उपदफा २ मा संशोधन गरीएको,**

२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायका सदस्य रहनेछन्।

क) नगर प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य – अध्यक्ष

ख) नगर कार्यपालिकाले मनोनित गरेको खेलकुद संग सम्बन्धित व्यक्ति – उपाध्यक्ष

ग) नगर कार्यपालिकाले मनोनित गरेको नगर सभा सदस्य एक जना – सदस्य

घ) विगतमा नगरस्तर तथा जिल्लास्तरमा खेलकुदको क्षेत्रमा खेलाडी वा रेफ्री वा प्रशिक्षक वा व्यवस्थापक भई तीन वर्ष काम गरेको व्यक्ति मध्ये दुई जना महिला सहित नगर कार्यपालिकाले मनोनित गरेको अलग अलग खेलकुद प्रतिनिधित्व हुने गरी ७ जना – सदस्य

ङ) नगर युवा क्लबको अध्यक्ष वा प्रतिनिधि – सदस्य

च) फरक क्षमता भएका खेलाडी मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना – सदस्य

छ) नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको अधिकृत –सदस्य सचिव

**ख) दफा ३ को उपदफा ८ थप गरिएको,**

८) समितिको वार्षिक कार्यक्रम नगरपालिकाको सामाजिक विकास समितिले नगरकार्यपालिकामा सिफारिस गर्नेछ।

**ग) दफा ४ को उपदफा १ मा संशोधन गरीएको,**

१) दफा ३ को उपदफा (२) वमोजिम गठित समितिका सदस्यहरुको पदावधी तीन बर्षको हुनेछ ।

**घ) दफा ४ को उपदफा ३ मा संशोधन गरीएको,**

३) दफा ३ को उपदफा (२) को खण्ड (ग) र (घ) बमोजिमका मनोनित वा नियुक्त हुने सदस्यले आफनो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई प्रमाणका आधारमा जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउनु पर्दा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

**ङ) दफा १० को उपदफा थ मा संशोधन गरीएको,**

थ) अध्यक्षले खेलकुद विकास समितिको बार्षिक प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्ने,

**च) दफा ११ को उपदफा घ मा संशोधन गरीएको,**

घ) वडामा रहेका उच्च तहको सामुदायिक विद्यालयहरु मध्येबाट वडा समितिले तोकेको एक जना प्रधानाध्यापक वा खेल शिक्षक – सदस्य

प्रमाणीकरण मिति :- २०८०/०९/२६

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत